# २०७५ मिंसर २५ गते को गाउँकार्यपालिकाको बैठक को निर्णय

**प्रस्ताव नं. १ गाउँपालिका भवन उद्धघाटन सम्वन्धमा ।**
प्रस्ताव नं. १ माथी छलफल गर्दा गाउँपालिकाको नव निर्मित भवनको उद्धघाटन मिति २०७५/०९/०४ गते ३ नं. प्रदेशका मुख्य मन्त्री माननीय डोरमणी पौडेल ज्यूवाट गर्ने र तयारी समिति निम्न वमोजिमको समिति गठन गर्ने सर्व समितिवाट निर्णय गरियो ।
तपशिल
१ रामहरी वराकोटी
२ टिका प्रसाद थपलिया
३ सरिता मगर
४ लक्ष्मी बराम

**प्रस्ताव नं. २ वडावाट योजना सिफारिस सम्वन्धमा ।**
प्रस्ताव नं. २ माथी छलफल गर्दा वडामा संचालन भएका योजनाको सम्पन्न सिफारिस गर्दा फोटो सहित सार्वजनिक सुनुवाई गरेपछी मात्र सिफारिस गर्ने सर्व समितिवाट निर्णय गरियो ।

**प्रस्ताव नं.३ वैरेनी प्रहरी चौकी रङरोगन सम्वन्धमा ।**
प्रस्ताव नं. ३ माथी छलफल गर्दा वेरेनी प्रहरी चौकी रङ्गरोगन गर्न पूँजीगत भैपरीवाट रङ् खरिद गरि दिने र रङ्गरोगन गर्ने सर्व समितिवाट निर्णय गरियो ।

**प्रस्ताव नं. ४ नियमित वैठक सम्वन्धमा ।**
प्रस्ताव नं. ४ माथी छलफल गर्दा गाउँपालिकाको वैठक प्रत्येक महिनाको २५ गते वस्ने सर्व समितिवाट निर्णय गरियो ।

**प्रस्ताव नं. ५ पूर्ण सरसफाई सम्वन्धमा ।**
प्रस्ताव नं. ५ माथी छलफल गर्दा गाउँपालिकालाई पूर्ण सरसफाई गर्न रणनितिक योजना वनाउन पौष ५र ६ गते शान्ती नेपालको सहयोगमा कार्यक्रम संञ्चालन गर्ने सर्व समितिवाट निर्णय गरियो ।

**प्रस्ताव नं. ६ योजना इस्टीमेट सम्वन्धमा ।**
प्रस्ताव नं. ६ माथी छलफल गर्दा तपशिलका योजना लागत इस्टमेट गर्न प्राविधिक लाई पठाउने सर्व समितिवाट निर्णय गरियो ।
तपशिल
१ अमर आर्दश मा.वि घेरावार वडा नं. ३
२ मनकामना आ.वि घेरावार वडा नं.  ३
३ चिसोपानी काम्दी सडक वडा नं. २
४ धौखोला एक्लेफाँट वाध सिंचाई वडा नं. १
५ हात्ती सुढे महादेव थान सडक वडा नं. २
६ जोगी खोला फाकफुक सिंचाई वडा नं. ४
७ भैसे सुनौलावजार सडक वडा नं. ७
८ रैकर सुनौलावजार सडक वडा नं. ५
९ ज्यामिरेटार साना सिंचाई वडा नं. ४
१० सेरावेशी आँपखोला सिंचाई ट्यूव पाईप वडा नं. ७

**प्रस्ताव नं. ७ खानेपानी योजना सम्वन्धमा ।**
प्रस्ताव नं. ७ माथी छलफल गर्दा तपशिल अनुसारको योजना संचालन गरी सम्पन्न गर्न प्रयास नेपाललाई जिम्मा दिने सर्व समितिवाट निर्णय गरियो ।

तपशिल
१ माथिल्लो ढोडेनी खा.पा वडा नं ३
२ सत्यवती मा.वि खा.पा वडा नं. ७
३ खतिवडा गाउँ खा.पा वडा नं. ४

**प्रस्ताव नं. ८ विभिन्न योजना सम्वन्धमा।**
प्रस्ताव नं. ८ माथी छलफल गर्दा सडक , खानेपानी वर्षादको समयमा वा मोटर वाटो मर्मत गर्दा समेत अपुग भएकोले तपशिलका योजनाहरु पूजीगत भैपरीवाट विनियोजन गरि भुक्तानी दिने सर्व समितिवाट निर्णय गरियो।
**तपशिल**
१ वैरेनी ठाँटी कमलावारी सडक मर्मत रु १०००००।–
२ डुमीडाँडा खा.पा पाईप २५mm को ५०० मिटर।
३ ठिमलेटार खा.पा २०mm को ५०० मिटर।
४ तुल कुमार श्रेष्ठलाई ग्याविन जाली १५ थान।

**प्रस्ताव नं. ९ योजना सम्वन्धमा।**
प्रस्ताव नं. ९ माथी छलफल गर्दा तपशिलको योजना संचालन गर्नको लागी काम सम्पन्न गर्न फोकस नेपाललाई जिम्मा दिने सर्व समितिवाट निर्णय गरियो।
**तपशिल**
१ आप्रीछाप दुवाडी गाउँ कुवापानी टार खा.पा वडा नं. २

**प्रस्ताव नं. १० सोलार जडान सम्वन्धमा।**
प्रस्ताव नं. १० माथी छलफल गर्दा वडा नं. ३ मा सोलार जडान गर्ने सर्व समितिवाट निर्णय गरियो।

**प्रस्ताव नं. ११ कालिदह टोल स्धार सम्वन्धमा।**
प्रस्ताव नं. ११ माथी छलफल गर्दा कालिदह टोल सुधार समितिले पेश गरेको विल भरपाईमा गाउँ सभाले अनुमोदन गरेको रु १०००००।- भुक्तानी गर्ने सर्व समितिवाट निर्णय गरियो।

**प्रस्ताव नं. १३ अपाङ्गता भएका व्यक्ती परिचयपत्र वितरण कार्यविधी २०७५ सम्वन्धमा।**
प्रस्ताव नं. १३ माथी छलफल गर्दा सिद्धलेक गाउँपालिकामा अपाङ्गता भएका व्यक्तीको परिचयपत्र वितरण गर्न कार्यविधी २०७५ लाई स्वीकृत गर्ने सर्व समितिवाट निर्णय गरियो।

**प्रस्ताव नं. १४ कृषि कार्यक्रम शंसोधन सम्वन्धमा।**
प्रस्ताव नं. १४ माथी छलफल गर्दा मल्टीक्रप थ्रेसर ५० प्रतिशत अनुदानमा ७ वटा सट्टा ३ वटा वडा नं. ४ ,५ र ६ मा मात्र २ वटा खरिद गर्ने सर्व समितिवाट निर्णय गरियो।

**प्रस्ताव नं. १५ प्राईभेट फर्म दर्ता सम्वन्धमा।**
प्रस्ताव नं. १५ माथी छलफल गर्दा सिद्धलेक गा.पा भित्र दर्ता हुने व्यापारिक फर्मको दर्ता गर्ने अधिकार गाउँपालिका लाई भएकोले ऐन विपरित घरेलु तथा साना उद्योग विकास समिति धादिङ्ले गा.पा को वडा नं. १ मा तारादेवी खनाललाई सागर सरु किराना पसल नामको पसल दर्ता गरि वोद्यार्थ गा.पा मा पठाएकोले उक्त फर्म ऐन विपरित रहेकोले फर्म खारेज गर्न घरेलु तथा साना उद्योग विकास समितिलाई अनुरोध गर्ने साथै ऐन विपरित कार्य नगर्न समितिले अनुरोध गर्ने सर्व समितिवाट निर्णय गरियो।